# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, कात्तिक १५ गते २०३४ साल [ संख्या २८

श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

नेपाल गुणस्तर निर्धारण समिति (गठन) आदेश, २०३४

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "नेपाल गुणस्तर निर्धारण समिति (गठन) आदेश, २०३४" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा–

(क) "समिति" भन्नाले यो आदेशबमोजिम गठित "नेपाल गुणस्तर निर्धारण समिति" सम्झनुपर्छ।

(ख) "गुणस्तर" भन्नाले समितिद्वारा निर्धारण गरिने कुनै पदार्थको गुणस्तर (स्टाण्डर्डस्) सम्झनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको गठन : (१) नेपाल गुणस्तर निर्धारण समिति नाम भएको एउटा समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिम गठित समितिमा देहायका सदस्यहरू रहनेछन्:-

| | | |
|---|---|---|
| (क) | श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति- | अध्यक्ष |
| (ख) | प्रतिनिधि, उद्योग वाणिज्य मन्त्रालय- | सदस्य |
| (ग) | ,, अर्थ मन्त्रालय- | ,, |
| (घ) | ,, खाद्य कृषि मन्त्रालय | ,, |
| (ङ) | ,, गृह पञ्चायत मन्त्रालय- | ,, |
| (च) | ,, स्वास्थ्य मन्त्रालय- | ,, |
| (छ) | ,, निर्माण तथा यातायात मन्त्रालय- | ,, |
| (ज) | ,, त्रिभुवन विश्वविद्यालय- | ,, |
| (झ) | ,, उद्योग वाणिज्य संघ- | ,, |
| (ञ) | निर्देशक, नेपाल गुणस्तर निर्धारण समितिको कार्यालय- | सदस्य-सचिव |

(३) श्री ५ को सरकारले आवश्यक सम्झेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूलाई हेरफेर गर्न वा संख्यामा थपघट गर्न सक्नेछ ।

४. समितिको बैठकसम्बन्धी कार्यविधि : (१) अध्यक्षले तोकेको स्थान र समयमा समितिको बैठक बस्नेछ ।

(२) पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन पाउनेछ ।

(४) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ र सो कार्यान्वयन गर्नु निजको कर्तव्य हुनेछ ।

(५) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

५. समितिको काम, कर्तव्य र अधिकार : श्री ५ को सरकारको औद्योगिक तथा वाणिज्य नीतिको परिधिभित्र रही समितिले गुणस्तर निर्धारण गर्ने सम्बन्धमा देहायका कार्यहरू गर्न सक्नेछ:-

(क) नेपाल अधिराज्यभित्र निर्माण हुने वा उत्पादन हुने वा नेपाल अधिराज्यबाट निकासी हुने वा विदेशबाट नेपाल अधिराज्यभित्र पैठारी हुने पदार्थहरूमध्ये गुणस्तर निर्धारण हुनुपर्ने भनी समितिले ठहराएको पदार्थहरूको गुणस्तर निर्धारण गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै पदार्थको गुणस्तर निर्धारण गर्ने वा जाँच गर्ने सम्बन्धमा उत्पादक, वितरक तथा निकासी वा पैठारीकर्तालाई आवश्यक सरसल्लाह तथा सहयोग पुऱ्याउने,

(ग) निर्धारित गुणस्तरबमोजिमको पदार्थहरू उत्पादन गरिएको, वितरण गरिएको, निकासी गरिएको वा पैठारी गरिएको छ छैन जाँच वा निरीक्षण गर्ने,

(घ) गुणस्तर तोकिएका पदार्थहरूको उत्पादन, बिक्री–वितरण वा निकासी गर्ने प्रयोजनको लागि गुणस्तरको प्रमाणपत्र दिने वा गुणस्तरको छाप (मार्किङ्ग) लगाउन पाउने इजाजत दिने,

(ङ) खण्ड (ग) बमोजिम गुणस्तरको जाँच वा निरीक्षण गर्दा निर्धारित स्तरभन्दा कम गुणस्तर भएको पदार्थहरू उत्पादन, वितरण, निकासी वा पैठारी गरेको वा गर्न खोजिएको पाइएमा त्यस्को उत्पादक, वितरक निकासी वा पैठारीकर्तालाई दिएको गुणस्तरको प्रमाणपत्र वा गुणस्तरको छाप (मार्किङ्ग) लगाउन पाउने इजाजत रद्द गर्ने,

(च) गुणस्तर निर्धारण गर्न आवश्यक पर्ने उपकरण तथा अन्य साधनहरूसहितको प्रयोगशालाको व्यवस्था गर्ने,

(छ) गुणस्तर निर्धारणको लागि के कुन सरकारी वा गैर सरकारी प्रयोगशालाबाट गरिएका जाँचको प्रतिवेदन (टेष्ट रिपोर्ट) लाई मान्यता दिने र गुणस्तरको जाँच कुनै विशेषज्ञबाट गराउन सकिने गरी तोक्ने,

(ज) गुणस्तरको प्रमाण-पत्र वा गुणस्तरको छाप (मार्किङ्ग) लगाउन पाउने इजाजतपत्र दिए बापतको दस्तूर वा अन्य कुनै सेवा उपलब्ध गराए बापतको दस्तूर तोक्ने, र

(झ) समितिको उद्देश्य पूर्तिको निमित्त अन्य आवश्यक काम कारवाई गर्ने ।

६. समितिको कोष : समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ ।

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) कुनै अन्तर्राष्ट्रिय संघ संस्था वा विदेशी एजेन्सीबाट प्राप्त रकम,

(ग) गुणस्तर निर्धारणसम्बन्धी सेवा उपलब्ध गराए बापत प्राप्त रकम ।

७. समितिको लेखा र लेखापरीक्षण : (१) समितिको आय–व्ययको लेखा समितिले बनाएको नियमबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाबकिताब जाँच्न वा जँचाउन सक्नेछ ।

८. नियम बनाउने अधिकार : समितिले आफ्नो कार्य संचालनका लागि श्री ५ को सरकारको स्वीकृति लिएर आवश्यक नियमहरू बनाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४३

९. उप–समिति गठन गर्न सक्ने : समितिले आवश्यकतानुसार सदस्यहरू बाहेक अन्य व्यक्तिहरू समावेश गरी उप–समिति गठन गर्न सक्नेछ ।

१०. अधिकार प्रत्यायोजन : समितिले आवश्यकतानुसार आफ्नो केही अधिकार समितिको अध्यक्ष, सदस्य–सचिव, समितिका सदस्यहरूको उप–समिति वा दफा ९ बमोजिमको उप–समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

११. समितिको कार्यालय र नाम : समितिको प्रधान कार्यालय काठमाडौंमा रहनेछ र सो कार्यालय "नेपाल गुणस्तर निर्धारण समितिको कार्यालय" को नामले प्रचलित हुनेछ ।

१२. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा उद्योग तथा वाणिज्य मन्त्रालयमार्फत राख्नुपर्छ ।

आज्ञाले–

ईश्वरीलाल श्रेष्ठ

श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।